फोन : ४-२४४०४७

त्रिभुवन विश्वविद्यालय
त्रि-चन्द्र बहुमुखी क्याम्पस
(स्थापित १९७५ वि.सं.)

क्याम्पस प्रमुखको कार्यालय
सरस्वती सदन, काठमाडौं ।

पत्र संख्या:-

मिति: २०७८।०३।२५

## श्रद्धाञ्जली तथा शोक सम्बन्धी अत्यन्त जरुरी सूचना ।

यस क्याम्पसका सह प्रा. डा. शंकर भण्डारी (पूर्व सहायक क्याम्पस प्रमुख, पूर्व उप-निर्देशक, त्रि.वि. अनुगमन निर्देशनालय र हाल त्रि.वि. विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक) को मिति २०७८ आषाढ १५ गते भएको असामयिक निधनले यस त्रि-चन्द्र बहुमुखी क्याम्पस परिवार स्तब्ध तथा शोकाकुल भएको छ । यस दुखद घडीमा श्रद्धेय सह प्रा.डा. भण्डारी प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन भनी ईश्वरसँग प्रार्थना गर्दै गहिरो समवेदना व्यक्त गर्दछौं ।

यस त्रि-चन्द्र बहुमुखी क्याम्पस परिवार आफ्नो प्रिय सदस्य गुमाउनु परेको दुखद् परिस्थितिमा शोक व्यक्त गर्दै यस क्याम्पसमा हाल सञ्चालनमा रहेका सबै तहका अनलाईन कक्षाहरु मिति २०७८।०३।२७ गते आइतबार स्थगित गरिएको छ । साथै श्रद्धेय सह प्रा. डा. शंकर भण्डारीको स्मृतिमा यस क्याम्पसको प्रांगणमा रुद्राक्षको एउटा वृक्षारोपण गरिने व्यहोरा सबैमा सूचित गरिन्छ ।

...........................
(प्रा.डा. सुनिल अधिकारी)
क्याम्पस प्रमुख
तथा
त्रि-चन्द्र बहुमुखी क्याम्पस परिवार